# अपिल

मिति २०७९/१०/८

नेपालको संविधानले आधारभुत स्वास्थ्य सेवालाई मौलिक हकका रुपमा ग्यारेण्टी गरेको कुरा सबैमा विदितै छ । हरेक नागरिकलाई गुणस्तरिय र पहुँचयोग्य स्वास्थ्य सेवाको प्रत्याभुती दिने परिकल्पना हाम्रो संविधानले गरेको छ । नागरिकका आधारभुत स्वास्थ्य अधिकार पुरा गर्न सरकारले समेत स्वास्थ्य क्षेत्रका कतिपय सेवाहरुलाई क्रमश निशुल्क गर्दै लगेको छ ।

यसै सन्दर्भमा दोलखाको सदरमुकाम चरिकोटमा रहेको जिल्लाकै ठुलो सरकारी अस्पताल '**पशुपति चौलागाई स्मृति अस्पताल**'ले अस्पताल सञ्चालन गर्न भन्दै सेवाग्राहीका लागी हालै निर्धारण गरेको चर्को शुल्क प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यस अघि निशुल्क स्वास्थ्य उपचार सेवा दिदै आएको अस्पतालले अस्पताल सञ्चालनका लागि स्रोत अभाव हुदै गएको र व्यबस्थापनमा संकट चुलिदै गएको कारण देखाएर सेवाग्राहीका लागी ढाड सेकिने गरी सरोकारवालाहरु संगको छलफल बिनै महंगो शुल्क निर्धारण गर्नु खेदजनक बिषय हो ।

प्रदेश सरकार मातहतको यो सरकारी अस्पताल विदेशी लगानीको एउटा गैससरकारी संस्थाले ७ बर्ष अघि निशुल्क रुपमा स्वास्थ्योपचार सेवा दिने शर्तमा १० बर्षका लागी व्यवस्थापनको जिम्मा लिएको थियो । तर कोरोना माहमारीले अन्तराष्ट्रिय सहयोग रोकिएको कारण देखाएर दुई बर्ष अघि उसले व्यवस्थापनबाट हात झिकेको थियो । त्यस यता केही समय भीमेश्वर नगरपालिका र प्रदेश सरकारले यो अस्पतालबाट निशुल्क रुपमा स्वास्थ्य सेवा दिएरै चलाउदै आएको थियो ।

तर अहिले निशुल्क स्वास्थ्य उपचार सेवा दिन स्रोत अभाव चुलिदै गएको कारण देखाएर अस्पताल व्यवस्थापन पक्ष सेवालाई सशुल्क बनाउने निर्णयमा पुगेको बताईएको छ । अस्पताल व्यवस्थापन तथा सञ्चालक समिति बैठकले निर्धारण गरेर हालै सार्वजनिक गरेको शुल्कको दररेट सदरमुकाम चरिकोटका निजी अस्पताल भन्दा चर्को रहेको देखिएको छ । राजधानी काठमाण्डौ र बिभिन्न जिल्लाका सरकारी अस्पतालमा निशुल्क पाईने कतिपय सेवामा नागरिकको ढाड सेकिने गरी शुल्क लगाईएको छ । जिल्लाका निजी अस्पतालहरुलाई टेवा पुग्ने खालको देखिने गरि निर्धारण गरिएको सदरमुकामको सरकारी अस्पतालको शुल्क जिल्लाबासीलाई मान्य नहुन सक्छ। त्यसैले यो निर्णय तत्काल फिर्ता लिन जोडदार आग्रह गर्दछौं ।

पशुपति चौलागाई स्मृति अस्पताल दोलखाली गरिब र विपन्न नागरिकको बाँच्ने साहरा भएकाले हाल कायम गरेको दररेट तत्काल खारेज गरी अस्पताल सञ्चालनका लागी चाहिने जनशक्ती र स्रोतको खोजी सरकारी स्तरबाटै गर्न र सरोकारवालाहरु संग छलफल गरेर मात्र उपभोक्ता र सेवाग्राही अनुकुल हुने गरी अघि बढ्न हामी अस्पताल व्यवस्थापन समिति समक्ष जोडदार अपिल गर्न चाहन्छौं । अस्पतालमा हाल अक्सीजन प्लान्ट लगायतका उपकरण रहेर पनि चालु अवस्थामा नरहेकाले तिनको तत्काल सञ्चालन हुने व्यवस्था मिलाउन सरोकारवाला पक्ष संग जोडदार माग गर्दछौं । यो अस्पताललाई जिल्लाको अब्बल सरकारी अस्पताल बनाउन साथै जिल्ला भर सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक अस्पतालहरुको गुणस्तर बढाउनका निम्ती पहल गर्न जिल्लाका जनप्रतिनिधि सांसद, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार समक्ष अपिल गर्दै दोलखा जिल्लाका निजी अस्पताल र निजी स्वास्थ्य संस्थाहरुलाई समेत आफुले दिदै आएको सेवाको गुणस्तरमा सुधार गर्न आग्रह गर्न चाहन्छौं ।

| | | | |
|---|---|---|---|
| रमेश खतिवडा<br>(केन्द्रिय सदस्य)<br>नेपाल पत्रकार महासंघ | दीपशंकर चौलागाई<br>(अध्यक्ष)<br>नेपाल पत्रकार महासंघ, दोलखा शाखा | चिरञ्जीवी मास्के<br>(सदस्य)<br>प्रेस काउन्सिल नेपाल | लक्ष्मण खड्का<br>(केन्द्रिय उपाध्यक्ष)<br>प्रेस सेन्टर नेपाल |
| कृष्ण बहादुर बस्नेत<br>(अध्यक्ष)<br>नेपाल बार एशोसियसन दोलखा | रामेश्वर मानन्धर<br>(केन्द्रिय सदस्य)<br>नेपाल उद्योग बाणिज्य महासंघ | ईन्द्रबहादुर श्रेष्ठ<br>(अध्यक्ष)<br>दोलखा उद्योग बाणिज्य संघ | बिष्णु श्रेष्ठ<br>(अध्यक्ष)<br>दोलखा चेम्बर अफ कमर्स |
| श्याम प्रसाद खतिवडा<br>(सदस्य)<br>नेपाल पत्रकार महासंघ वागमती प्रदेश समिति | जिवन लामा<br>(पूर्व अध्यक्ष)<br>नेपाल पत्रकार महासंघ दोलखा शाखा | प्रभु जिरेल<br>(अध्यक्ष)<br>प्रेस चौतारी दोलखा | गोकर्णप्रसाद भण्डारी<br>(स्टेशन म्यानेजर)<br>रेडियो भीमेश्वर चरिकोट |

| | | | | | |
|---|---|---|---|---|---|
| सिर्जन कुमार घिमिरे<br>(सम्पादक)<br>दीक्षण राष्ट्रिय दैनिक, चरिको | शम्भु गौतम<br>(पत्रकार) | केदार शिवाकोटी<br>(पत्रकार) | दिलबहादुर केसी<br>(पत्रकार) | नवराज शिवाकोटी<br>(पत्रकार) | सुजन काफ्ले<br>(पत्रकार) |